# *सुपरिन्टेन्डेन्ट मूल्याङ्कन सारांश*

*बिएसआर-5 बाट लिइएको विषयवस्तु:*

*उक्त मूल्याङ्कन प्रलेखमा निम्न सामेल हुनेछ:*

*1. वर्षैभरि शिक्षा अन्त्य-लक्ष्य तथा कार्यकारी सीमाहरूमा बोर्डका नीतिहरूको वर्षभरिको अनुगमनबाट प्राप्त तथ्याङ्कको सारांश;*
*2. प्रत्येक अन्त्य-लक्ष्य नीति (लक्ष्य) प्राप्त गरिए नगरिएसँग अथवा सोको प्राप्तितर्फ युक्तिसङ्गत प्रयास गरिए नगरिएसँग सम्बन्धित निष्कर्षहरू;*
*3. बोर्डले कार्यकारी सीमा नीतिहरूमा स्थापित गरेका सीमाहरूभित्र रही सुपरिन्टेन्डेन्टले उपयुक्त कार्यसञ्चालन गरे नगरेसँग सम्बन्धित निष्कर्षहरू; र*
*4. बोर्डले कार्यकारी सीमा नीतिहरूमा स्थापित गरेका सीमाहरू भित्र रही अन्त्य-लक्ष्य नीतिहरू (लक्ष्यहरू) को प्राप्ति तथा कार्यसञ्चालनसँग सम्बन्धित सुपरिटेन्डेन्टका सामर्थ्य तथा कमजोरीहरूको सारांश।*

—-------------------------------------------------

*"जातीय तथा शैक्षिक निष्पक्षता हाम्रो संयुक्त जिम्मेवारी हो। हामीले त्यसबेला निष्पक्षता प्राप्त गर्छौँ जब हामी जात, जातीयता, लैङ्गिक पहिचान, यौनिक झुकाव, भाषा र क्षमता सहित सीमान्तीकृत पहिचानहरूको प्रतिनिधित्व गर्ने मानिसहरूलाई ऐतिहासिक रूपमा अवसरहरू तथा संसाधनहरू माथि पक्षपाती पहुँच तथा वितरण गराउने गहिरो जरा गाडेका प्रणालीहरूलाई निर्मूल पार्नेछौँ। हामी त्यस्ता परिस्थितिहरू सिर्जना गर्नेछौँ, जहाँ हामी अपनत्व महसुस गर्छौँ, हामीलाई समावेश गरिन्छ, जहाँ स्पष्ट उद्देश्य हुन्छ तथा हाम्रा आआफ्ना अव धारणाहरूको प्रतिनिधित्व गर्ने स्वायत्तता हुन्छ। यी परिस्थितिहरूको सिर्जना गरेर, हामी हाम्रा विद्यार्थीहरू तथा टोली सदस्यहरूका लागि सफलता वा असफलताको अनुमेयता निर्मूल पार्नेछौँ।"*

विगतमा, सुपरिन्टेन्डेन्ट मूल्याङ्कनका लागि औपचारिक वस्तुगत मूल्याङ्कन मापदण्ड थिएनन्, त्यसैले मूल्याङ्कनहरूको प्रकृति बढी विषयगत हुन्थ्यो। अहिले, बोर्ड सदस्य तथा सुपरिन्टेन्डेन्टसँग निष्पक्ष, अग्रसक्रिय तथा वस्तुगत मूल्याङ्कन प्रक्रिया रहेको छ। नोभेम्बर 2021 मा, शिक्षा बोर्डले एउटा नयाँ शासन तथा जबाफदेहिता संरचना स्वीकृत गर्‍यो र हर ेक सिकारू सफल हुन्छ भन्ने सुपरिन्टेन्डेन्टको परिकल्पनालाई सहयोग गर्न पाँच अन्त्य-लक्ष्य नीतिहरू पहिचान गर्‍यो। यी दीर्घकालीन लक्ष्यहरूको प्रकृति महत्त्वाकाङ्क्षी रहेको छ र यसले सुपरिन्टेन्डेन्टलाई त्यस्ता लक्ष्यहरू प्राप्त गर्न सक्ने विधिहरू छनोट गर्ने स्वतन्त्रता प्रदान गर्दछ।

जबाफदेहिता संरचना अन्तर्गत, सुपरिन्टेन्डेन्टका रूपमा, डा. एलेक्स मारेरोले डिस्ट्रिक्ट माथिको तथ्याङ्क सङ्कलन गर्नुभयो, उक्त तथ्याङ्क समुदायसामु प्रस्तुत गर्नुभयो, र नयाँ रणनैतिक मार्गचित्र विकसित गर्नका लागि काम गर्नुभयो। स्कूल वर्ष 2021-22 को अवधिमा, बोर्डले सामुदायिक बैठकहरूबाट प्रारम्भिक अनुगमन

रिपोर्टहरू तथा आधारभूत रेखीय त थ्याङ्क प्राप्त गऱ्यो र, यी रिपोर्टहरू स्वीकृत गर्न मत व्यक्त गरेर, बोर्डका सदस्यहरूले ती व्याख्याहरू स्वीकार गरे।

स्कूल वर्ष 2022-23 बाट सुरु गरेर, शिक्षा बोर्डले हरेक महिना निर्दिष्ट लक्ष्यहरूतर्फको प्रगतिको साटो उपलब्धिहरूमा आधारित अनुगमन रिपोर्टहरू प्राप्त गर्न जारी राख्नेछ। बोर्ड सदस्यहरूले यी रिपोर्टहरूलाई सुपरिन्टेन्डेन्टको मूल्याङ्कनको अंशका रूपमा प्रयोग गर्नेछन् तथा यस अर्थपूर्ण पृष्ठपोषणमा आधारित रहेर सुपरिन्टेन्डेन्टलाई निरन्तर मार्गदर्शन समेत प्रदान गर्नेछन्। यी उपायहरूले कार्यसम्पादनका लागि आधाररेखाको रूपमा कार्य गर्नेछन्, र शिक्षा बोर्डले वार्षिक रूपमा नयाँ उपायहरू अनुमोदन गर्नेछ।

*बोर्डले स्थापित गरेका अन्त्य-लक्ष्य नीतिहरूका सीमाहरू भित्र कार्यसञ्चालनसँग सम्बन्धित सामर्थ्यहरूको सारांश*

- शब्दहरू महत्त्वपूर्ण हुन्छन्। स्कूलहरूलाई "विभागहरू" मा वर्गीकृत गर्नुको साटो, डा. मारेरोले समान स्कूलहरूलाई "सहयोगीहरू" का रूपमा समूहीकृत गर्नुभयो। शब्दहरूको यस परिवर्तनले दर्शन परिवर्तनतर्फ सङ्केत गर्छ, जुन दर्शन विद्यार्थीहरू, शिक्षा प्रदायकहरू तथा परिवारहरूका लागि सकारात्मक उपलब्धितर्फ बढी साझा स्वामीत्व तथा बढी साझा हितहरूमा केन्द्रित छ। उदाहरणका लागि, डा. मारेरोले निष्पक्षता विभागबाट काम सुरु गर्नुभयो, निष्पक्षतालाई सम्पूर्ण डिस्ट्रिक्टको जिम्मेवारीको क्षेत्र बनाउनुभयो, र पुनर्सङ्गठनमा रणनैतिक बनेर बहुभाषिक सिकारूहरूमाथि ध्यान केन्द्रित गर्नुभयो।

- डा. मारेरोले सम्पूर्ण कर्मचारीहरू शिक्षा प्रदायकहरू हुन् तथा स्कूल डिस्ट्रिक्टमा गरिने सम्पूर्ण कार्यले हाम्रा विद्यार्थीहरूलाई नै सेवा दिन्छन् भनी रेखाङ्कित गरेर केन्द्रीय कार्यालयमा काम गरिरहेका स्टाफ तथा स्कूलहरूमा काम गरिरहेका स्टाफबीचको सम्बन्धलाई रूपान्तरण गर्न सक्रिय तथा स-उद्देश्य काम गर्नुभयो।

- ल्याटिन्क्स शिक्षा प्रदायकहरूको नियुक्ति र स्थिरीकरण डा. मारेरोका लागि प्राथमिकता रहीरहेको छ र यसलाई स्कूल डिस्ट्रिक्टका लागि नयाँ रणनैतिक मार्गचित्रमा सामेल गरिएको छ। जातीयता अध्ययनहरू विस्तारित गर्नु तथा अतिरिक्त मानसिक स्वास्थ्य सेवाहरू प्रदान गर्नुका साथसाथै बढी ल्याटिन्क्स शिक्षकहरू नियुक्त गर्ने यस प्रयासको सकारात्मक प्रभाव विद्यार्थीहरूमा पर्नेछ।

- शिक्षा, डिस्ट्रिक्टब्यापी संलग्नता तथा पक्षपोषण मार्फत, डा. मारेरोले एलजिबिटिक्युआइए+ समुदाय पहलहरूलाई सेवा प्रदान गर्न, शिक्षाप्रदायकहरू तथा विद्यार्थीहरूबीच मित्रता स्थापित गर्न, तथा

डेनभर पब्लिक स्कूल्स समुदायका सम्पूर्ण सदस्यहरूका लागि बढी सहज वातावरण सिर्जना गर्ने कामलाई निरन्तरता दिइरहनुभएको छ।

***बोर्डका अन्त्य-लक्ष्य नीतिहरूले स्थापित गरेका सीमाहरूभित्र रही कार्यसञ्चालनसँग सम्बन्धित वृद्धि क्षेत्रहरूको सारांश***

- ल्याटिन्क्स शिक्षा प्रदायकहरूको नियुक्ति र स्थिरीकरण डा. मारेरोका लागि प्राथमिकता रहीरहेको छ र यसलाई स्कूल डिस्ट्रिक्टका लागि नयाँ रणनैतिक मार्गचित्रमा सामेल गरिएको छ। जातीयता अध्ययनहरू विस्तारित गर्नु तथा अतिरिक्त मानसिक स्वास्थ्य सेवाहरू प्रदान गर्नुका साथसाथै बढी अश्वेत शिक्षकहरू लिने यस प्रयासको सकारात्मक प्रभाव विद्यार्थीहरूमा पर्नेछ।

***अन्य टिप्पणीहरू***

बोर्डले आफ्नो वर्तमान मूल्याङ्कन कार्यकारी सीमाहरूमा वा बोर्डको अन्त्य-लक्ष्य नीतिहरूसँग सम्‍बन्धितभन्दा भिन्न कारकहरूमा आधारित नगरेता पनि, अतिरिक्त पारदर्शिता प्रदान गर्ने उद्देश्यका लागि बोर्डले सामर्थ्यका अतिरिक्त क्षेत्रहरू तथा वृद्धिका अतिरिक्त क्षेत्रहरू पहिचान गर्ने मनसाय राखेको छ।

*सामर्थ्यका क्षेत्रहरू*

- सुपरिन्टेन्डेन्टका रूपमा आफ्नो पहिलो 100 दिनको कार्यकालमा आफ्नो सुनाइ तथा सिकाइ भ्रमणको अंशका रूपमा, डा. मारेलोले सहरका हरेक क्षेत्रमा करिब 70 वटा स्कूलहरूको भ्रमण गर्नुभयो तथा 100 भन्दा बढी बैठकहरूको आयोजना गर्नुभयो। उहाँ सम्भव भएसम्म बढीभन्दा बढी परिवार तथा समुदायका सदस्यहरूसँग, विद्यार्‍थीहरू तथा स्टाफसँग भर्चुअल तथा भौतिक रूपमा जोडिनुभयो।

- डा. मारेरोले अन्त्यन्त प्रभावकारी वार्तालापहरूमा समुदायका सदस्यहरूको सहभागिता तथा उहाँहरूसँग संलग्नताको सक्रिय खोजी गर्नुभयो। यसमा घट्दो भर्नासँग सम्बन्धित संलग्नता र सामुदायिक साझेदारहरूको सहभागिता एकत्रित गर्ने कार्य पनि सामेल छन्।

- डा. मारेरोले डिस्ट्रिक्टको दैनिक कार्यसञ्चालनमा न्यूनतम बाधा बाधा दिँदै, सफलतापूर्वक डिस्ट्रिक्ट संयुक्त सौदाबाजी एकाइहरूसँगका सम्झौताहरू निर्देशित गर्नुभयो; जसमा सम्पूर्ण सौदाबाजी एकाइहरू महानगर क्षेत्रका स्कूल डिस्ट्रिक्टहरूको तुलनामा सबैभन्दा बढी क्षतिपूर्ति प्राप्त गर्ने कर्मचारीहरूमध्ये भएको सुनिश्चित गर्ने कार्य सामेल छ।

- डा. मारेरोले असाधारण कार्य सदाचार, सिर्जनात्मकता प्रदर्शित गर्नुभएको छ र डिस्ट्रिक्टभित्र संस्कृति रूपान्तरणका लागि समर्पण प्रदर्शित गर्नुभएको छ।

*वृद्धिका लागि अवसरहरू*

- कुनै बोर्ड सदस्यसँग तथ्याङ्क वा जानकारी अनुरोध भएमा वा बोर्ड सदस्यले रचनात्मक पृष्ठपोषण दिन खोजेमा डा. मारेरोले समयमै सम्पूर्ण बोर्ड सदस्यहरूसँग भेट (फलोअप) गरून् भन्ने अनुरोध बोर्डको रहेको छ। उदाहरणका लागि, नियुक्ति तथा बरखास्त गरिएका मानिसहरूको असमानुपातिकताका विषयमा पुनर्सङ्गठन तथ्याङ्क अनुरोधका विषयमा बढी पारदर्शिता भएको हुन सक्छ (जात, लिङ्ग, जातीयता, उमेर, आदि..)। अगाडि बढ्दै गर्दा, बोर्डसँग हुने सञ्चारका विषयमा सरोकारहरूलाई कार्यकारी सीमा 4 अन्तर्गत मूल्याङ्कन गरिनेछ।

- बोर्ड डा. मारेरोलाई समुदायमा डिस्ट्रिक्टको छवि सुदृढ बनाउनका लागि सामुदायिक छवि तथा जन सम्पर्क सुधार गर्न अनुरोध गर्दछ। प्रतिक्रियात्मक हुनुको साटो अग्रसक्रिय बन्नका लागि सुपरिन्टेन्डेन्टले बढी निश्चयात्मक सामुदायिक सन्देश रणनीति (बढी विवादास्पद विषयहरू आदि, भएको स्थितिमा) कार्यान्वयन गर्नु पर्नेछ। अगाडि बढ्दै गर्दा, डिस्ट्रिक्टको छविका विषयमा सरोकारहरूलाई कार्यकारी सीमा 17 अन्तर्गत मूल्याङ्कन गरिनेछ।

- समुदायले नेतृत्व गर्ने र डिस्ट्रिक्टले सहयोग गर्ने उपागम अपनाएर, डिपिएसले समुदायसँग प्रामाणिक रूपले कार्य गर्न जारी राखेको कुरा डा. मारेरोले सुनिश्चित गर्न आवश्यक रहेको कुरा बोर्ड उल्लेख गर्दछ।

- बोर्ड डा. मारेरोले सामुदायिक अवसरहरूमा डिपिएसको प्रतिनिधित्व गर्नका लागि सम्पूर्ण बोर्ड सदस्यहरूलाई साझेदारका रूपमा सामेल गरून् भनी अनुरोध गर्दछ।

***निष्कर्ष***

शिक्षा बोर्ड सुपरिन्टेन्डेन्टको स्व-मूल्याङ्कन प्रलेख तथा अनुगमन रिपोर्टहरूमा निर्भर रह्यो र सम्पूर्ण आधारभूत उपायहरू पूरा गरिएको तथा बोर्डका अन्त्य-लक्ष्य नीतिहरू प्राप्त गर्ने तर्फ प्रगति गरिएको निष्कर्ष शिक्षा बोर्डले निकाल्यो। शिक्षा बोर्ड डा. मारेरो र डिस्ट्रिक्टबाट विद्यार्थी उपलब्धिमामा पर्याप्त उक्लिँदो प्रवृत्ति हेर्ने अपेक्षा राख्दछ।

सुपरिन्टेन्डेन्ट स्व-मूल्याङ्कन लिङ्क यहाँ उपलब्ध छ:

https://drive.google.com/file/d/1fdfWQgXOrCh7354QbVsq5KKDWOV7Bfvx/view?usp=sharing

स्व-मूल्याङ्कनमा लेखकीय कला:

- "उपसमूह" लाई भिन्न भिन्न बनाइएका समूहमा परिवर्तन गर्ने
- डिस्ट्रिक्टसमान हुनका लागि प्रतिस्थापित शिक्षकलाई अतिथि शिक्षकमा परिवर्तन गर्ने।